# सरुमारानी गाउँपालिका, प्यूठान
# गाउँसभाको १९ औं अधिवेशन
## आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**सरुमारानी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बङ्गाँडा, प्यूठान**

**लुम्बिनी प्रदेश,**

**नेपाल**

**२०८३ असार ९ गते**

## सरुमारानी गाउँपालिकाको दोश्रो गाउँसभाको १९ औं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूबाट प्रस्तुत

## आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**सरुमारानी गाउँपालिकाका उपाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**सभाका सचिव ज्यू,**
**राष्ट्रसेवक कर्मचारीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

- सरुमारानी गाउँपालिकाको दोश्रो गाउँसभाको १९ औं अधिवेशनमा उपस्थित सम्पूर्ण जनप्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको चौतर्फी विकासको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि गठित सरुमारानी गाउँपालिकाको प्रथम र दोस्रो निर्वाचन पश्चायत पनि निर्वाचित स्थानीय सरकार प्रमुखको हैसियतले यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित र गौरवान्वित महसुस गरेको छु।
- यस अवसरमा परिवर्तन निमित्त विभिन्न कालखण्डमा चलेका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरूको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।
- सरुमारानी गाउँपालिका स्थापना काल देखि हाल सम्म विभिन्न चरणमा नेतृत्व गर्नुहुने सबै व्यक्तित्त्वहरू प्रति उच्च सम्मान ब्यक्त गर्दै उहाँहरूले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।
- नीति तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकामा सक्रिय राजनीतिक दलहरुका पदाधिकारी तथा प्रतिनिधिहरु पूर्व जनप्रतिनिधिहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, सहकारी, संघसंस्था, लक्षित वर्ग, सम्पूर्ण सरोकारवालाहरु तथा राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त सकारात्मक सल्लाह सुझावका लागि सम्बन्धित सबैमा गाउँपालिका आभार प्रकट गर्दछु।

**गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्दछु ।**

१. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धमा उल्लेख भएका नीतिगत व्यवस्था, संघ, प्रदेशबाट निर्माण भएका कानुनहरु, आवधिक योजनाहरु, दिगो विकास लक्ष्य, विभिन्न क्षेत्रगत योजना, प्रदेश सरकारको आवधिक योजना तथा नीतिहरु, यस गाँउपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, सडक गुरुयोजना, खानेपानी तथा सरसफाई योजना, भुउपयोग योजना, सामाजिक समावेशी नीति, स्थानीय कार्यसम्पादन मूल्यांकन, लुम्बिनी प्रदेश सरकार तथा यस गाउँपालिकाको आवधिक योजनाले मार्गदर्शन गरेका नीति तथा कार्यक्रमहरु र

गाँउपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका अन्य नीतिगत र कानुनी प्रावधान आदि पक्षलाई समेत ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याईएको छ ।

२. यस गाउँपालिकाले चालू आ.ब.मा दोश्रो आवधिक योजनाको निर्माण कार्य सुरु गरिएको छ **।आर्थिक-सामाजिक विकास र दिगो पूर्वाधारःसमावेशी र समृद्ध सरुमारानी निर्माणको आधार** भन्ने दिर्घकालिन सोच अनुसार तयार गर्न लागिएको यस आवधिक योजनाको लक्ष्य र उद्देश्य पुरा गर्ने गरी हाम्रा बार्षिक कार्यक्रमलाई आवद्ध गरि संचलन गरिनेछ ।

३. सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, विपद्, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकासमा जोड दिईनेछ ।

४. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै एकल अधिकार र साझा अधिकारका विभिन्न क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, सबै वडामा सडक पूर्वाधारको पहुँच संगै सडक निर्माणमा भएको लगानी संगै गाउँपालिका उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु, घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु, वित्तीय सुशासन कायम राख्न सफल हुनु, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासमा बृद्धि भई सेवा प्रवाह सुदृढ रहनु, प्रविधिमा पहुच भई सूचना प्रणालीको प्रयोगमा बृद्धि हुनु विभिन्न वर्ग र समुदायको क्षमता विकास एवं आर्थिक सुधार हुनु आदि विषयहरुलाई हामीले अवसरका रुपमा लिएको छौ ।

५. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिइएको छ। जिल्लाको साझा सरोकारका विषयमा, अन्तरपालिका समन्वय र सहकार्य गर्दै आपसी एकतालाई मजबुत बनाउने र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ।

६. स्थानीय तहको योजना व्यवस्थापन प्रक्रियालाई सूचना तथा तथ्यमा आधारित, सूचना प्रविधिमैत्री, नतिजामूलक र प्रभावकारी बनाइनेछ। वार्षिक वजेट तथा कार्यक्रम तयार गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अनुसार चरणबद्ध रुपमा तर्जुमा गरि प्राथमिकतामा परेका आयोजनालाई छनौट गर्ने पद्धतीको विकास गरिनेछ।

भौतिक पूर्वाधार वकासः वकासको आधार

सडक, पुल र शहरी वकास

७. भौतिक पूर्वाधार विकासः विकासको आधारलाई पुरा गर्ने नीति अनुसार यस गाउँपालिकाले सडक यातायात गुरुयोजना निर्माण गरिसकेको र सो योजना अनुसार सडक निर्माणलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

८. आगामी आ.ब.मा निर्मित सडकहरु मर्मत, स्तरोन्नति तथा सुरक्षित सडक यातायात अवधारणालाई कार्यान्वयन गर्न ब्याकोलोडर खरिद गरि निश्चित मापदण्ड/कार्यविधि वनाई कार्यान्वयन गरिनेछ ।

९. सडक पूर्वाधारको स्तरोउन्नती गरी यातायात सेवालाई प्रभावकारी वनाईनेछ।आगामी आर्थिक बर्ष पनि संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको ऐरावती-बड्डाडा-जस्पुर -पुठाखोला दाङ्ग, सडक र नर्सरी आटीटार वडा कार्यालय छात्रावास जोडने सडक स्तरउन्नति

गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) को आर्थिक तथा प्राविधक सहयोग र यस गाउँपालिकाको साझेदारीमा यस गाउँपालिकामा चालू आ.ब. मा विभिन्न ठूला सडकहरुको स्तरोन्नोती र सिचाई योजनाहरुको कार्य सुरु गरिएको थियो । तर आगामी आ.ब. देखि उक्त परियोजना संचालन नहुने औपचारिक जानकारी प्राप्त भएकोले हामी दुखी भएका छौ। यसले गर्दा हाम्रो पूर्वाधार क्षेत्रमा गरिने बजेट न्यून हुने देखिन्छ ।

१०. जलवायु उत्थानशील, समावेशी, जवाफदेही तथा दिगो स्थानीय पूर्वाधारका लागि आवश्यक नीति तथा कानून निर्माण गरीएकोले उक्त कानुनहरु कार्यान्वयनमा ल्याइनेछ । गरिवी न्यूनीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने आयोजनालाई प्राथमिकता दिइनेछ।

११. भूक्षय जोखिम भएको ठाउमा वायोइञ्जिनियरिङ्ग जस्ता नविनतम प्रविधिको अवलम्बन गरि पहिरो नियन्त्रण तथा सडक संजाललाई भरपर्दो र सुबिधा सपन्न बनाउन पहल गरिनेछ। सडक पूर्वाधारको छेउछाउमा वृक्षारोपण, सडकको ट्र्याक खोल्ने आयोजनामा समेत वायोइञ्जिनियरिङ्गतर्फ कम्तिमा २-३ % बजेट सुनिश्चित गर्दै आयोजनालाई दिगो र वातावरणमैत्री बनाउने नीति लाई निरन्तरता दिईनेछ ।

१२. गाउँपालिकाको पूर्वाधार विकासमा प्रभाकारिता ल्याउन दोहोरोपना हटाई अन्तरतह तथा अन्तर निकाय समन्वय कायम गरिनेछ। गाउँपालिका भित्रका मुख्य सडकहरुको सुरक्षा सुनिश्चताको लागि सडक हेरालु/मर्मत कार्यकर्ताको ब्यवस्था गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३. भवन निर्माण गर्दा भूकम्पीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिदै भवन आचारसंहिताको पालन गराउन पहल गरिनेछ। शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृतिलाई क्रमशः कार्यान्वयन गरिनेछ।

१४. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत नयाँ स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाउन सम्बन्धित निकायमा आवश्यक सहजीकरण गरिनेछ।

**खानेपानी र सरसफाईः-**

१५. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी भएका तथ्यांकहरुलाई अध्यावधिक गरी खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (वास योजना)लाई अध्यावधिक गरिनेछ । मुहानदेखि मुखसम्म सुरक्षित खानेपानीको सुनिश्चतताका लागि खानेपानी शुद्वता परीक्षण कार्यलाई अगाडी बढाई मुहान, टयाङ्की तथा धाराको पानी शुद्धता जाँच गरिनेछ। खानेपानीहरुको मुहान दर्ता र उपभोक्ता समितिलाई दर्ता गर्ने कार्य सुरुवात गरिएको छ ।

१६. चालु आ.ब. २०८२।०८३ देखी नेपाल स्वास्थ्यका लागी पानी (नेवा) कार्यक्रमको साझेदारीमा आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट विमुख समुदायको पहिचान गरी उक्त संस्थाको साझेदारीमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखी तिन वटा योजनाको निर्माण कार्य भैरहेको छ। आगामी आर्थिक बर्षमा समेत यो परियोजना संगको साझेदारीमा थप खानेपानी योजनाहरु विस्तार गरिने छ । साथै संघ र प्रदेश सरकारको सहयोगमा समेत एक घरएक धाराको नीतिलाई कार्यान्वयन गरिनेछ ।

१७. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला व्यवस्थापनमा विशेष ध्यान दिदै फोहरमैलाको उचित व्यवस्थापन गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ ।घरयासी फोहरलाई बर्गिकरण गरि ब्यबस्थित गर्न अभियान संचालन गरिनेछ ।

१८. वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय र बजार क्षेत्रको फोहोरको उचित व्यवस्थापन गरिनेछ। सरुमारानी गाउँपालिकालाई खुला दिशामुक्त सुनिश्चितता तथा पूर्णसरसफाई उन्मुख हुदै पूर्णसरसफाई युक्त गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

**ऊर्जा,जलस्रोत तथा सिंचाई**

१९. विद्युतको पहुँच नपुगेका घरधुरीमा ऊर्जामा पहुँच सुनिश्चिताका लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ। ऊर्जाको पहुँच नपुगेको घरधुरीमा वैकल्पिक ऊर्जा विस्तार गरिनेछ। जनताको लागि उर्जा तथा वातावरण संस्था (PEEDA, मार्फत विभिन्न संस्थाको प्राविधिक सहयोगमा स्वच्छ उर्जा प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।

२०. नेपाल सरकार तथा प्रदेश सरकार तथा विभिन्न संघसंस्थासँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई (Deep/Sallow tuble), साना तथा मध्यम खालका सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिइनेछ।

२१. स्थानीय तह भित्रको समग्र जलश्वोतको अध्ययनकासाथै सतह सिंचाइ योजना, भूमिगत सिंचाइ योजना, लिफ्ट सिंचाइ, नयाँ प्रविधिमा आधारित सिंचाइ योजना एवं जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। सिंचाइ आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनमा उपभोक्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ। साना तथा मझौला सिचाई योजना निर्माणमा प्राथमिकता दिईनेछ ।

आर्थिक विकास रोजगारीको आधारः

**कृषि तथा पशु**

२२. कृषि क्षेत्रमा रहेका श्रमशक्तिको अभावलाइ सम्बोधन गर्दै आवश्यक ज्ञान, सिप, प्रविधि र लगानीको वातावरण सिर्जना गरी कृषि यन्त्रीकरणमा विशेष जोड दिईनेछ। बीउ उत्पादन, र बाली संरक्षण सेवालाई प्रावकारी रुपमा अगाडी बढाईनेछ

२३. **कार्यक्रमलाई निरन्तरता दिई** उत्पादन, उत्पादकत्व तथा स्थानीय सम्भावनाका आधारमा महसँगै कोदो, फापर, गहत लगायतका स्थानीय तथा रैथाने बालीको उत्पादनमा प्रोत्साहनमुखी अनुदान व्यवस्था गरिनेछ।

२४. **उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरी** उत्कृष्ट उत्पादन, नवप्रवर्तन, व्यवसायिक कृषि तथा कृषि उद्यमशीलतालाई सम्मान र प्रोत्साहन गरिनेछ।

२५. **कृषकलाई सहज प्राविधिक सेवा उपलब्ध गराउन** प्रत्येक वडामा कम्तीमा एक जना कृषि प्राविधिकको पहुँच सुनिश्चित गर्ने गरी आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह सुदृढ गरिनेछ।

२६. **मानव स्वास्थ्य र वातावरण संरक्षणलाई प्राथमिकतामा राखी** रासायनिक मल तथा विषादीको प्रयोग क्रमशः न्यूनीकरण गर्दै प्राङ्गारिक तथा विषादी अवशेष न्यून उत्पादन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

२७. **विद्यमान कृषि पकेट क्षेत्रहरूको सुदृढीकरण गर्दै** प्रविधि विस्तार, उत्पादन विविधीकरण, पूर्वाधार विकास तथा बजार पहुँच अभिवृद्धि मार्फत दिगो कृषि प्रणाली विकास गरिनेछ।

२८. **कृषि क्षेत्रमा श्रम अभावलाई सम्बोधन गर्न** कृषि यान्त्रिकीकरण, आधुनिक उपकरण तथा सेवा केन्द्र विस्तारमा विशेष जोड दिइनेछ।

२९. **कृषि उपजको मूल्य अभिवृद्धिका लागि** प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, भण्डारण, संकलन तथा बजारीकरणमा सहजीकरण र प्रोत्साहन गरिनेछ।

३०. **सुन्तला, कफी तथा अन्य उच्च मूल्यका बालीहरूको सम्भावना भएका क्षेत्रमा** क्षेत्र विस्तार, गुणस्तरीय बिरुवा वितरण तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

३१. **व्यवसायिक कृषि फर्म सञ्चालन गरिरहेका युवा कृषक तथा कृषि उद्यमीलाई** उत्पादन, प्रशोधन, उद्यम विकास तथा बजार व्यवस्थापनमा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३२. **सिँचाइ पूर्वाधारको विस्तार तथा वर्षभरि उत्पादन प्रणाली विकास गरी** बहुवर्षीय तथा बहुखेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

३३. **कृषि बीमा तथा जोखिम व्यवस्थापन कार्यक्रमलाई विस्तार गरी** प्राकृतिक प्रकोप तथा रोग–कीराबाट हुने क्षति न्यूनीकरणमा सहजीकरण गरिनेछ।

३४. **जलवायु अनुकूल कृषि प्रविधिको प्रवर्द्धन गर्दै** पानी संरक्षण, माटो व्यवस्थापन तथा वातावरणमैत्री खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ।

३५. **रैथाने तथा स्थानीय बाली संरक्षण र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी** खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याइनेछ।

३६. **कृषि उपज संकलन केन्द्र स्थापना तथा व्यवस्थापनमा** साझेदारी तथा लगानी प्रोत्साहन गरिनेछ।

३७. **अदुवाको व्यवसायिक खेती प्रवर्द्धन** गर्दै गुणस्तरीय ब्रुनी उत्पादन केन्द्र विकास, बीउ अदुवा उत्पादन तथा वितरण प्रणाली सुदृढीकरण गरी कृषकको आय वृद्धि र कृषि उद्यम विकासमा टेवा पुऱ्याइनेछ।

३८. कृषि क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, गुणस्तर सुनिश्चितता तथा अपेक्षित उपलब्धि हासिल गर्न नियमित अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण तथा सुधारात्मक कार्यलाई संस्थागत गरिनेछ।

३९. कृषि क्षेत्रको प्रवर्द्धन, नवीन प्रविधिको प्रचारप्रसार तथा कृषकमा जनचेतना अभिवृद्धि गर्न कृषि सम्बन्धी विभिन्न दिवस, प्रदर्शनी, मेला, अन्तरक्रिया तथा सूचना–मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## पशु विकास

४०. वास्तविक पशुपालक कृषकहरुलाई प्रोत्साहित गर्नका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ। पशुपालन व्यवसायलाई व्यवसायीकरण, आधुनिकीकरण, विविधीकरण र यान्त्रिकरण गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर हुँदै निर्यातको दर बढाउने, रोजगारी सिर्जना गरी पशुपालन पेशालाई सम्मानित पेशाको रुपमा विकास गरिनेछ।

४१. नवीनतम पशुपालन प्रविधिको अवलम्बन गर्दै कृषकहरुको पशुपन्छी जन्य उत्पादन वृद्धि गर्ने सोचले नवीनतम प्रविधि सिकाई केन्द्रको रुपमा सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्रलाई थप प्रभावकारी रुपले संचालन गरिनेछ।

४२. पशुपालन विशेष पकेट क्षेत्रको स्थापना गरी सामुहिक पशुपन्छी जन्य उत्पादन (दुध,मासु) वृद्धिमा जोड दिईनेछ। पशुजन्य बस्तु बिशेषत-बाख्रापालन ( खसी बोका) भैसीपालन (दुध) लाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने नीति लिईनेछ।

४३. व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउनका लागि कृषक/कृषक समूह/फर्म/व्यवसायीहरुलाई उत्प्रेरित गर्नका लागि किसान संग गाउँ सरकार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४४. पशुपन्छीहरुमा फैलिने विभिन्न महामारी जन्य रोगहरु नियन्त्रण गर्न पशुपन्छी उपचार तथा खोप सेवालाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ।

४५. पशु आहारा सुधार गर्न तथा उत्पादन लागत कम गराउने उद्देश्यले आहारा विकासका लागि बहुवर्षिय डाले तथा भुई घाँसहरुको बिउ बेर्ना वितरण गरी घाँस खेतीको क्षेत्र विस्तार गरिनेछ।

४६. पशुपन्छीबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरुलाई मध्यनजर गर्दै विभिन्न जनचेतनामूलक कार्यक्रम, व्यवस्थित पशुपन्छी पालन कार्यक्रम र कृषकको दैनिकीमा सजिलो बनाउनका लागि यान्त्रिकरण कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछ।

४७. पशुपन्छी पालन क्षेत्रमा आईपर्ने विभिन्न बेथिति, कालाबजारी र अन्य समस्याहरुलाई न्यूनीकरण गर्न बजार अनुगमन तथा नियमन कार्यक्रमलाई थप प्रभावकारी रुपले संचालन गरिनेछ।

४८. पशुपालन व्यवसायबाट राम्रो उत्पादन तथा आम्दानी लिन उन्नत पशु नश्ल तथा कृत्रिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ।

४९. पशु तथा पशुपन्छी जन्य उत्पादन बजारीकरणका लागि दुग्ध सहकारी/निजी डेरी/मासु पसल अन्य निर्यातकर्ताहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमको तर्जुमा गरी संचालन गरिनेछ।

५०. किसानसंग गाउँसरकार कार्यक्रम र हेफर प्रोजेक्टसंगको साझेदारीमा कृषि तथा पशुबस्तुहरुको उत्पादन बृद्धि गरी गाउँपालिका क्षेत्रमा रोजगारमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको लागि विगत आर्थिक बर्ष देखि संचालनमा रहेको सरुमारानी गाउँपालिका क्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना लाई निरन्तरता र व्यवस्थित गरिनेछ ।

५१. कृषि तथा पशुपंक्षी क्षेत्रको विकासको लागि PEEDA लगाएत बिभिन्न गैरसहकारी संघसंस्थाहरुको प्राविधिक सहयोगमा माथि उल्लेखित नीतिहरु कार्यान्वियन गर्न समन्वय र सहकार्य गर्दै अगाडी बढिनेछ ।

५२. सरुमारानी कृषि तथा पशुपंक्षी विकास मार्फत स्रोत केन्द्र आगामी आर्थिक बर्ष देखी बन्द गरिनेछ ।

**श्रम रोजगार तथा सामाजिक सुरक्षाः**

५३. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अध्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ

५४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यलाई पालिकाको रोजगार सेवा केन्द्रबाट सहजीकरण गरिनेछ र वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि बैदेशिक रोजगारीमा जानुपूर्व अभिमुखीकरण तथा अनावश्यक ठगी हुन बाट बच्नका लागि सचेतनाका कार्यक्रम गरिनेछ, जसबाट बैदेशिक रोजगारीमा गएका युवाहरुको आप्रवसन अवस्था सुरक्षित हुन मद्धत पुग्नेछ।

५५. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।

५६. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउनका लागि पुनः एकीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।मृतक कामदारको नजिकका हकवालालाई आर्थिक सहायता प्रदान,अङ्गभङ्गलाई आर्थिक सहायता, कामदारका परिवारलाई स्वास्थ्य उपचार सहयोग, शव व्यवस्थापन, उद्धार सम्बन्धी कार्य, छात्रवृत्ती कार्यक्रम वैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मुत्यु भएका परिवारको लागि बैदेशिक रोजगार बोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा सहजीकरण गरिनेछ ।

५७. पालिकामा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई निजी क्षेत्रहरुमा काम गर्नको लागि सरोकालवाला तथा रोजगारदाताहरुसंग समन्वय तथा सहजीकरण गरिनेछ।

५८. कन्सुलर तथा कानूनी परामर्श सेवाहरु जस्तो खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरु रोजगार सेवा केन्द्रबाटै गरीनेछ ।

५९. बैदेशिक रोजगारीलाई सुरक्षित र सीपयुक्त बनाउन तथा बैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको सीप र पूँजीको अधिकतम उपयोग गरी गाउँमा नै व्यवसायीक बनाउन उनिहरुको सामाजिक तथा आर्थिक पुन:एकीकरणका गतिविधिहरुलाई विशेष प्राथमिकतामा राखिनेछ।यसको लागि आगामी दिनमा श्रम आप्रवासन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## लघुउद्यमको विस्तारः घर घरमा स्वरोजगार

६०. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।

६१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीको स्तरोन्नती, आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

६२. अति विपन्न परिबारका सदस्यहरुलाई सिपमुलक तालिम उपलब्ध गराई स्वरोजगारमा आवद्ध गरिनेछ।विभिन्न संघसंस्थासंगको सहयोगमा सीपमूलक तालिमहरु संचालन गरी स्वरोजगार सृजना गरिनेछ ।

६३. हाल सम्म सिप बिकास तालिम लिएका उद्यमिहरुको तथ्याङक संकलन गरी प्रोफाइल तयार गरिनेछ । पालिका अन्तरगत सबै वडाहरुमा उद्यमहरुको संभाव्यता अध्ययन गरीनेछ।उद्यमीहरुले उत्पादन गरेका उत्पादीत सामाग्रीको बजारीकरणमा गाउँपालिकाले सहजीकरण गरिनेछ ।

६४. गाउँपालिकाले स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी उद्यमीहरु तयार गरी स्वरोजगारी बृद्धि गर्न दुना टपरी उद्यम यसै बर्षदेखि सुरु गरिएको छ । आगामी बर्ष यसलाई निरन्तरता दिदै थाकलबाट बन्ने विभिन्न सामाग्रीहरु उत्पादन गर्ने निति लिईनेछ। अन्य स्थानीय स्रोत साधनबाट संभावित उद्यमहरु पनि सुरु गरिनेछ ।यी कामहरु विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा संचालन गरीनेछ ।

६५. स्थानीय महिला उद्यमीहरुले दुना टपरी उत्पादन गर्न सुरु गरेकोले स्वास्थ्य र बातावरणीय दृष्टिकोणले उपयुक्त नहुने हामीहरुले भान्सामा प्रयोग हुने पलाष्टिक जन्य सामाग्रीहरुलाई क्रमशः न्यूनिकरण गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहान र प्रयोग गर्ने नीति लिईनेछ । ।

## सहकारीः

६६. "सहकारी एकः उत्पादन अनेक" अभियानमार्फत गाउँपालिका भित्रका सबै सहकारी संस्थाहरुले उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कुनै एक क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

६७. जिल्ला सहकारी संघ तथा गाउँपालीका स्तरिय सहकारी, संघ र अन्य निकायसँगको समन्वयमा सहकारीको नियमन तथा सहजीकरणलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

६८. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँ गाउँमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहान गरिनेछ ।

६९. सहकारीलाइ उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ। सहकारी संस्था र लक्षित बर्गको क्षमता विकासको लागी विभिन्न सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ । सहकारीको क्षमता अभिवृद्धि गरी सहकारीको माध्यमवाट उत्पादित बस्तु तथा सेवाहरुको प्रवर्द्धन र बजारीकरण गरिनेछ ।सहकारी दर्ता, संचालन, नियमन र अनुगमन सम्वन्धी मापदण्ड निर्माण गरी प्रभावकारी नियमन तथा अनुगमनको परिपाटी सुरुवात गरिनेछ । सहकारी संस्थाहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक समन्वय, सहजीकरण गरिनेछ ।

७०. सरुमारानी गाउँपालिकाका सक्रिय रहेका मध्ये मुख्य दुई कृषि सहकारीमा कृषि प्राविधिक जनशक्ति गाउँपालिका र सहकारी संस्थाको साझेदारीमा परिचालन गरिनेछ।

**<u>सामाजिक विकास</u>**

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा</u>**

७१. महिला, अपांगता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिकाहरूको हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गरिनेछ । लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने प्रयास गरिनेछ ।

७२. सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिला, अपांगता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिकाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

७३. स्थानीय तहमा उपलब्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ इत्यादि सबै प्रकारका सेवाहरूमा लैङ्गिक समानता, यौनिक अल्पसंख्यक, अपागंता भएका व्यक्तिहरूको सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ।

७४. यौन उत्पीडन, दुर्व्यवहार, शोषण, बाल दुर्व्यवहार सम्बन्धित उजुरीहरूमा शून्य सहनाशिलताको नीति लिई सो उजुरीहरूलाई गोप्य ढंगले तत्काल छानबिन गरी कानूनी प्रकृयामा लैजान आवश्यक कार्य गरिनेछ।

७५. छोरीपेवा वचत कार्यक्रम, **ग** बर्गको अपाङ्गता, अनाथबालबालिका सहयोग जस्ता लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७६. बेरोजगार युवाशक्ति, सामाजिक, आर्थिक तथा विविध कारणले पछिपरेका दलित, महिला तथा पछाडि परेका समुदायका नागरिकलाई सिपमुलक तालिमको माध्यमबाट रोजगारी सिर्जना गर्ने व्यवस्था मिलाइनेछ ।

७७. सामाजिक सुरक्षाका कार्यक्रम (जेष्ठ नागरिक भत्ता, दलित, एकल महिला, बिद्यवा भत्ता, पूर्ण अपाङ्ग, आशिक अपाङ्गता, बाल पोषण भत्ता, लोपउन्मुख जातिलाई प्रभावकारी बनाइनेछ ।

७८. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि लैङ्गिकहिंसामुक्त स्थानीय तहको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैंगिक अल्पसंख्यक र अति विपन्नहरूका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७९. लागू औषध दुर्व्यसन र आत्महत्याको दरलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह, विद्यालय, सुरक्षा निकाय, आम सञ्चार तथा गैर सरकारी क्षेत्रसँगको समन्वयमा मनोसामाजिक परामर्श लगायत सचेतनामूलक कार्यक्रमहरू आवश्यकताका आधारमा सञ्चालन गरिनेछ ।

८०. महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मुलन सम्बन्धी सन्धी CEDAW र बेईजिङ्ग सम्मेलन, ILO संन्धी सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ।बाल विवाह, बहुविवाह र वालश्रम सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

८१. नेपाल सरकारले तय गरेका बहुक्षेत्रीय सरोकारका विषयहरुः लैगिक समानता तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, अपाङ्ग मैत्री कार्यक्रम, पोषणमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय कार्यक्रमहरु कार्यान्वयनको लागि निर्धारित नीतिहरु क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।यस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागी टोल विकास संस्थाहरुको क्षमता विकास गरी परिचालन गरिनेछ ।

८२. सामाजिक विभेदको न्युनीकरणको लागी बालश्रम, वालविवाह, वहुविवाह, बोक्सी जस्ता प्रथाहरु न्युनीकरण गर्न, छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र महिला हिंसा, घरेलु हिंसा जस्ता घटनाहरुमा कमी ल्याउन विभिन्न सचेतनामुलक कार्यक्रमहरु, कानुनी साक्षरता कार्यक्रमहरु बहस, पैरवीहरु संचालन गरी सामाजिक सहिष्णुता र सौहार्दता सहितको समातामूलक समाजको आधार तयार गर्न प्रयत्न गरिनेछ। यी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागी टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ ।

**स्वास्थ्यः**

८३. सर्बब्यापी स्वास्थ्य पहुँचको अवधारणा अनुसार गाउँपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाको समन्वय तथा साझेदारीमा महामारी जन्य रोगको प्रभावलाई न्यूनीकरण गर्न विभिन्न अभियान, कार्यक्रमहरू संचालन गरिदै आएकोमा त्यस्ता महामारीहरू देखापर्न सक्ने सम्भावनालाई मध्यनजर गरी आवश्यक सतर्कता एवं पूर्व तयारी गरिनेछ ।

८४. स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गर्नुका साथै स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा आवश्यक औषधि तथा औजार उपकरणहरूको व्यवस्थापन सहित हालको अवस्थामा थप सुधार गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

८५. सम्पूर्ण वडाका दुर्गम, अपायक टोलबस्ति तथा स्वास्थ्य सेवाको पहुँच र उपभोग कम भएका क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, विशेषज्ञ चिकित्सक समेतको सहभागितामा स्वास्थ्य परामर्श घुम्ति स्वास्थ्य क्लिनिक संचालन गरी महामारी जन्य सरूवा तथा क्षयरोग, एच.आई.भि, श्वाशप्रश्वाशजन्य, सुगर, उच्चरक्तचाप, मुटु मृगौला, क्यान्सर (स्तन, पाठेघरको मुख), लगायत नसर्ने दीर्घरोगहरूको स्क्रिनिङ्ग समेत गरी समयमै सम्बन्धित अस्पतालसम्म प्रेषणको ब्यवस्था गरिनेछ । साथै दीर्घरोग स्वास्थ्य उपचार सहायता र विपन्न असहाय उपचार सहायता कार्यक्रम वास्तविक पिडितलाई राहत हुने गरि ब्यवस्था गरिनेछ।

८६. बाल तथा मातृ स्वास्थ्य सेवा सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, आमा समुह, टोल विकास समिति, जनप्रतिनिधि तथा सरोकारवालाहरूको सक्रियतामा प्राथमिकता प्राप्त कार्यक्रम पूर्णखोप घोषणा सुनिश्चितता तथा दिगोपनालाई निरन्तरतता कायम गर्न खोप कार्यक्रमलाई विशेष प्राथमिकता दिइने र खोपकेन्द्र भवन मर्मत गरिनेछ ।

८७. पूर्ण गर्भजाँच, पूर्ण संस्थागत प्रसुति, पूर्ण उत्तर प्रसुति जाँच सेवा सहित पूर्ण प्रजनन् स्वास्थ्य सुनिश्चित वडा र गाउँपालिका घोषणा अभियान सुनिश्चित गरिनेछ । सुत्केरी पोषण स्थानिय स्तरमा उत्पादित अण्डा तथा हाईजेनिक सामाग्री, आकस्मिक अवस्थामा गरिने प्रेषणमा एम्वुलेन्स यातायात सहायता, घरमै गई गरिने उत्तर प्रसुती जाँच सेवा कार्यक्रमलाई निरन्तरता, गर्भवती महिलाहरुको स्वास्थ्य उपचारमा ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम नियमित संचालन हुने गरी स्वास्थ्य संस्था स्तरसम्म आमा र नवजात शिशुको पोषण, सरसफाई अवस्थामा सुधार, बिशेषज्ञ प्रसुती सेवामा सहज पहुँच, गर्भावस्था एवं सुत्केरी पछि हुन सक्ने जटिलताको ब्यवस्थापन गरिनेछ।

८८. तोकिय बमोजिमका निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संथाहरूबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । गाउँपालिकामा सुचिकृत प्रसूति केन्द्ररुबाट प्रदान गरिने प्रसुति सेवा सेवालाई थप प्रभावकारी गराइनेछ ।

८९. आँखा स्वास्थ्य सेवा केन्द्रबाट संचालित सेवालाई थप प्रभावकारी रूपले संचालन गरी बिद्यालय एवं समुदायमा स्क्रिनिङको व्यवस्था गरिनेछ ।

९०. प्रदान गरिदै आएको गर्भवती तथा सुत्केरी आमालाई फोलिक एसिड तथा क्याल्सियम चक्की निःशुल्क रूपमा प्रदान गरिदै आएको सेवालाई निरन्तरता दिइनेछ।

९१. बाङ्गेसाल, हंसपुर र ढुङ्गेगढि स्वास्थ्य चौकीमा संचालनमा रहेको ल्याव सेवालाई थप स्रोत साधनको व्यवस्था सहित प्रभावकारी सेवा दिइनेछ ।

९२. स्वास्थ्य सेवाको सुधार एवं दिगो विकासका लागि सरूमारानी गाउँपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरू, खोपकेन्द्र तथा गाउँघर क्लिनिकबाट सामुदायिक स्वास्थ्य सेवालाई प्रत्याभूत गराई विषयगत कार्यक्रम एवं संघ संस्थाहरूको सहकार्य र समन्वयलाई निरन्तर कायम गरिनेछ ।

९३. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत कुपोषण, रक्तअल्पता, तथा परजीवि नियन्त्रण, शुद्ध खानेपानी वितरण, स्वस्थ विद्यालय वातावरण, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम तथा विद्यार्थीहरूको ब्यक्तिगत सरसफाई, विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह मनाउने लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

९४. किशोर किशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवाको विस्तार गरी सबै संस्थाहरूलाई सूचिकृत गरिदै लगिने छ। साथै वालविवाहलाई न्यूनीकरण र यससँग सम्बन्धित सचेतना अभिवृद्धि, महिनावारी भएको बेला छात्राहरुको विद्यालय उपस्थितिमा निरन्तरता दिन निःशुल्क गुस्तरिय सेनेटरी प्याड बितरणलाई प्रभावकारी बनाइनेछ ।

९५. असी वर्ष उमेर पुगेका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता फरक क्षमता भएका ब्यक्ति लक्षित कार्यक्रम संचालन गरी स्वास्थ्य परिक्षण, उपचार र जेष्ठ नागरिक आँखा शिविर संचालन मोतिविन्दुको शल्यक्रिया सहितको सेवा प्रदान गरिनेछ ।

९६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रभावकारी सेवाको प्रोत्साहन सहित सामुदायिक स्वास्थ्य क्षेत्रमा पुर्याउदै आउनु भएको योगदानको उच्च कदर गर्दै सेवालाई थप प्रभावकारी बनाउन प्रदान गरिदै आएको प्रोत्साहनलाई निरन्तरता दिईनेछ । मोवाइल स्वास्थ्य कार्यक्रम संचार खर्च, अध्ययन अवलोकन भ्रमणको ब्यवस्था गरिनेछ ।

९७. सरूमारानी गाउँपालिका क्षेत्र भित्रका एच.आई.भि. संक्रमितका लागि उपचारमा सम्बन्धित स्वास्थ्य संस्थासम्म पहुँचका लागि यातायात र खाजा खर्च उपलब्ध गराईनेछ।

९८. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका कडाखाले दीर्घरोगी विरामीहरूलाई स्वास्थ्य विमाको ब्यवस्था गरिनेछ ।

९९. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापनका लागि विद्यालय तथा समुदाय स्तरमा मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी नियन्त्रणमा जोड दिइनेछ ।

१००. आयुर्वेद स्वास्थ्य सेवा विस्तारका लागि नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि आयुर्वेद सेवा विस्तार गरिनेछ ।

१०१. अपांङ्ग अस्पतालसंगको साझेदारीमा बिभिन्न शारीरिक विकलाङ्ग भएका व्यक्तिहरूको लागि शल्यक्रिया तथा सहायता सामाग्री प्रदान गरि शारीरिक सक्षमताको विकास गर्न उक्त अस्पतालसंग साझेदारी गरिनेछ ।

**शिक्षामा रुपान्तरण: दक्ष जनशक्ति उत्पादन**

१०२. **सबै माध्यमिक विद्यालयमा Digital Interactive Board सहितको डिजिटल पूर्वाधार यस बर्ष कार्यान्वयन गरिएको छ ।** यस पूर्वाधार अन्तर्गत आवश्यक इन्टरनेट कनेक्टिभिटी, कम्प्युटर तथा अन्य सहायक उपकरणको व्यवस्था गरिएको छ । यसको प्रयोगको लागि शिक्षक तालिम सञ्चालन गरिएकोछ । आगामी बर्ष देखि विशेष गरी डिजिटल शैक्षिक सामग्रीको प्रयोग, Digital Interactive Board मार्फत शिक्षण विधि र अनलाइन शिक्षण प्रविधिमा जोड दिइनेछ।

१०३. **घुन्सा फाउण्डेसन, नेपाल संस्था SEE परिक्षामा सामेल हुने मार्फत बालबालिकालाई निशुल्क अनलाईन कक्षा संचालन गरी सरुमारानी गाउँपालिकाको SEE को हालको नतिजालाई गुणात्मक हिसावले सुधार गर्ने लक्ष्य लिईएकोछ ।**

१०४. यस सरुमारानी गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक नेतृत्वलाई थप जिम्मेवार, उत्प्रेरित र उत्तरदायी बनाई शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन आवश्यक देखिएकोले विद्यालयमा कार्यरत प्रधानाध्यापक (प्र.अ.) हरूको कार्यबोझ र जिम्मेवारीलाई कदर गर्दै नेपाल सरकारले विद्यालयका प्रधानाध्यापक दशकौ देखि मा.वि नि.मा.वि र प्रा.विका प्रधानाध्यापकहरुलाई मासिक भत्ता स्वरुप क्रमश ५००,३०० र २०० मात्र दिदै आएकोमा सरुमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ देखि लागु हुने गरी मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने ब्यबस्था गरिनेछ ।

१०५. विगतमा सामुदायिक विधालयहरुमा विधार्थी संख्या बढि रहेको तथा सरकारी दरबन्दी न्यून भएको अवस्थामा पठनपाठनलाई ब्यबस्थित प्रभावकारी वनाउनको लागि गाउँपालिका अनुदान शिक्षकको ब्यबस्था गरिएकोमा हाल विविध कारणले कुनै विधालयमा विधार्थि संख्या बढि र कुनै विधालयमा विधार्थी संख्या अत्यन्त न्यू भएका कारण पठान पाठन असहज भएको हुनाले गाउँपालिकाले गठन गरेको कार्यदलको सुझाव समेतलाई आधारमानी विधालयहरुमा गाउँपालिका अनुदान शिक्षकको संख्या घटवढ/दरबन्दी मिलान गर्ने कार्य अगाडी बढाईने छ ।

१०६. शैक्षिक क्यालेन्डर, शिक्षक डायरी, निरन्तर मूल्याङ्कन पुस्तिका तथा अन्य शैक्षिक सामग्रीहरूको उपलब्धता सुनिश्चित गरिनेछ।

१०७. कक्षा ८ र SEE र कक्षा १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरी शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१०८. गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता बृद्धि तथा पोशाकको व्यवस्थापन गरी शिक्षकको मनोबल उच्च राखिनेछ।

१०९. सुत्केरी सट्टा शिक्षक अनुदानको व्यवस्था गरी विधार्थि/विधालयको पठनपाठनलाई प्रभावित हुन नदिने नितिलाई आगामी आ.ब.मा पनि निरन्तरता दिईनेछ । मातृत्त्व बिदामा रहेका शिक्षकलाई सहयोग निरन्तरता दिईनेछ ।

११०. कक्षा (१-८) को स्थानीय पाठ्यक्रम लागु गरिएको छ ।यसले सरुमारानीको स्थानीय पहिचान प्रबर्धन गर्न मद्धत पुग्ने छ ।साथै विधालयहरुमा मगर भाषाको अध्ययनलाई निरन्तरता दिईनेछ ।

१११. विपन्न विद्यार्थीहरूलाई सहयोग कार्यक्रम सञ्चालन गरी उनीहरूको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

११२. विद्यालय सुपरीवेक्षण, अनुगमन, निरीक्षणलाई प्रभावकारी बनाइ शैक्षिक क्रियाकलापको नियमित अनुगमन गरिनेछ। गाउँ शिक्षा योजना निर्माण भएकोले उक्त योजनाको स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित शैक्षिक गतिविधि संचालन गरिनेछ ।

११३. प्राविधिक धारका बिधालयमा अध्ययनरत विद्यार्थीहरुका लागि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११४. पालिकस्तरीय राष्ट्रपति रनिङ शिल्ड, तथा अन्य खेलकुद प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरूको शारीरिक र मानसिक क्षमता विकासमा सहयोग पुऱ्याइनेछ।

**यूवा तथा खेलकूद**

११५. युवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी युवा शक्तिलाई अधिकतम परिचालन गरिनेछ।

११६. यूवा तथा खेलकूद विकासका लागि गाउँपालिका स्तरीय खेलकूद व्यवस्थापन समितिको आवश्यता अनुसार पूनर्गठन गरी खेलकूद पूर्वाधार निर्माण, व्यावसायिक खेलकूद तालिम, खेल तथा खेलाडी आदानप्रदान कार्यक्रम ल्याइनेछ।

११७. वेरोजगार युवा लक्षित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**मौलिक कला संस्कृतिको प्रवर्द्धन अभियानः सरुमारानीको पहिचान**

११८. मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि प्रतियोगितात्मक कार्यक्रम, अध्ययन अनुसन्धान तथा अभिलेखीकरण कार्यलाई जोड दिइनेछ।

११९. परम्परागत रुपमा रहेका मारुनी नाच, सोरठी नाच, पञ्चेवाजा लगाएतका संस्कृति तथा परम्परालाई संरक्षण र विकास गरिनेछ ।

१२०. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । ऐतिहासिक ढुंगेगढीको आवश्यक संरक्षण तथा स्तरउन्नोतीका लागि नेपाल सरकार पुरातत्व विभाग, नेपाली सेना लगाएत अन्य संघसंस्थाहरुको सहयोग र समन्वयमा आवश्यक कार्य अगाडी बढाईने नीति लिईनेछ ।

१२१. स्थानीय तहमा बोलिने भाषा एवं संस्कृतिको जगेर्ना गर्न सबै समुदायको संस्कृति संरक्षण गरिनेछ । विभिन्न जातजाति बिशेषका मेला पर्व, धार्मिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाईनेछ

**वन, वातावरण संरक्षण जलवायु परिवर्तन र विपद् व्यवस्थापन**

१२२. वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। समृद्धिका लागी वन परियोजना मार्फत सार्वजनिक तथा निजी वन कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

१२३. बायोइन्जिनियरिङलाई अनिवार्य गर्दै भौतिक पूर्वाधार निर्माणका कारण क्षतिपूर्ति स्वरुप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी वृक्ष रोप्ने नीति ल्याइनेछ। जीवनका महत्वपूर्ण अवसरमा बहुउपयोगी वृक्षारोपण गर्ने जीवन र वन कार्यक्रम गाउँ गाउँमा प्रवर्द्धन गरिनेछ।

१२४. वनमा आधारित उद्यमहरुको विकासको क्षमता विकास र सिपमूलक तालिम प्रदान गरिनेछ। बृक्षारोपण कार्यक्रम, पानीका मुहान संरक्षण लगाएतका कार्यहरु संचालन गरिनेछ।

१२५. विपद व्यबस्थापनमा युवा स्वंयसेवक परिचालन, विपद पुर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक, डढेलो नियन्त्रण कार्ययोजनाहरुलाई निर्माण गरी कार्यान्वयन गरिनेछ।

१२६. विपद्मा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखेर सचेतनामूलक सन्देश, सूचना सामग्रीहरु सम्प्रेषण गरिनेछ। विपदमा लैङ्गिक समानता, समावेशीकरण र अपाङ्गता भएका ब्यक्तिको संरक्षण, निजी आवास पून निर्माण पूनर्स्थापना राहत तथा जोखिम उत्थानशिल सम्वन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ साथै विपद् प्रतिकार्य योजना अध्यावधिक, आपतकालिन कार्य संचालन केन्द्रको व्यवस्थापन लगायत विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा विभिन्न गतिविधि संचालन गरीनेछ ।

१२७. प्राकृतिक प्रकोप तथा मौसमजन्य विपद्को पूर्वतयारी, प्रतिकार्य राहत, उद्दार तथा जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न विपद् व्यवस्थापन कोषलाई वृद्धि गरिनेछ। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ।

१२८. संभावित जोखिम् स्थानहरुको भौगर्भिक अध्ययन मार्फत पहिचान र नक्सांकन गरिनेछ। वाढी तथा पहिरोको जोखिम् कम गर्नको लागि विभिन्न निकायहरुसंग लागत साझेदारी गरी पूर्वसूचना प्रणालीको स्थापना र विकास गरिनेछ। स्थानीय तहमा गरिएको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वर्ग २ मा रहेको वस्तीहरुमा अल्पीकरणको कामहरु गरिनेछ । सोको स्रोत व्यवस्थापनको लागि जिल्ला, प्रदेश र संघीय सरकार समक्ष आवश्यक समन्वय र पहल गरिनेछ ।अल्पीकरण योजना सञ्चालन गर्दा वातावारणमैत्री, प्रकृतीमैत्री र परम्परागत रैथाने ज्ञानलाई प्राथमिकता दिइनेछ ।

१२९. विपद्को पहिलो पंक्तिमा रहेर काम गर्ने भनेको समुदायका घरधुरीहरु नै हुन् । समुदायलाई विपद् व्यवस्थापन प्रति थप जिम्मेवार, सक्षम र सवल वनाउनको लागि स्थानीय स्तरमा विपद स्वयंसेवक परिचालन गर्नुको साथै आधारभूत खोज उद्धार र प्राथमिक उपचार सम्वन्धी पुर्नताजगी तालिम संञ्चालन गनिनेछ।तालिम पश्चात खोज उद्धार र प्राथमिक उपचारको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्था गरिनेछ।विपदवाट प्रभावित परिवारको पुननिर्माण र पुर्नस्थापनाको कार्यलाई निरन्तरता दिइनेछ। उक्त कार्यको लागि स्थानीय तहले वेहोर्नु पर्ने लागत साझेदारिको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।

१३०. यस गाउँपालिका र PEEDA संस्थाको प्राविधिक सहयोग र समन्वयमा स्थानीय र समूदाय स्तर जलवायू अनुकूलन कार्ययोजना LAPA निर्माण भएको छ।यसलाई क्रमशः लागु गरिदै गईनेछ ।स्थानीय सरकारको जलवायु परिवर्तनको पहिचान, योजना निर्माण कार्यान्वयनमा क्षमता अभिबृद्धि गरिनेछ ।स्थानीय जलवायुकार्यमा समुदायमा आधारित समूहहरुको क्षमता अभिबृद्धि गरिनेछ। जैविक विविधताको संरक्षण, कृषि तथा दिगो उपयोगको अभ्यासहरु मार्फत ग्रामिण जिवनयापनमा सुधार गरिनेछ ।बैकल्पिक उर्जाको प्रयोग गर्न स्थानीय समुदायलाई सशक्तीकरण गर्नुको साथै वायुमण्डलको कार्बन घटाउन संभावित उपायहरुको आवश्यक अध्ययन तथा अन्तरक्रिया संचालन गरिनेछ।

**<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>**

१३१. सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनेछ। आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र सुशासन प्रवर्धनमा विशेष जोड दिइनेछ ।नेपाल सरकारले अवलम्बन गरेको शुन्य बाकी फाईल नीति अनुरुप कार्यालयको सेवा प्रवाहमा जोड दिईनेछ ।

१३२. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ। कर प्रणालीमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ । वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै विगतका वर्षहरुमा जस्तै बेरुजु न्यून गर्न प्रयास गरिनेछ। असुल उपर गर्नुपर्ने बेरुजु फर्छ्यौटको कार्यलाई कडाईका साथ लागु गरिनेछ

१३३. आगामी आ.व. देखी दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी दिगो विकास लक्ष्यका सूचकलाई सम्बोधन गरिनेछ ।सडक गुरुयोजना निर्माण भई सकेकोले सडक मापदण्ड र भवन आचारसंहितालाई लागु गर्ने प्रकृया सुरु गरिनेछ।

१३४. टोलविकास संस्थाहरुको गठन संचालन, दर्ता/सूचीकरणमा जोड दिईनेछ । यसरी गठन र दर्ता भएका टोल विकास संस्थाहरुको संस्थागत विकास र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. अतिविपन्न परिवार लक्षित विभिन्न तालिम, सचेतीकरण तथा आयआर्जनका कार्यक्रम संचालन गरिनेछ ।

१३६. संस्थागत क्षमता स्वमुल्यांकन, वित्तीय जोखिम मूल्यांकनमा राम्रो नतिजा ल्याउने गरी कार्यक्रम संचालन गरिनेछ । सार्वजनिक सुनुवाई, बार्षिक समिक्षा, विकास गतिविधिहरुको प्रचारप्रसार कार्यलाई निरन्तरता दिईने छ । गाउँपालिकाले संचालन गरेका गतिविधिहरुलाई एकिकृत गरी चौमासिक रुपमा तयार पारेको ई-बुलेटिनलाई निरन्तर रुपमा प्रकाशन गरिनेछ । यसका लागी जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागी थप कार्यक्रम संचालन गरिनेछ ।

१३७. तहगत समन्वय, सहकार्य र साझेदारीमार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चतताका लागि आवश्यक पहल गरिनेछ। गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासन र प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ।

१३८. कार्यलयमा कार्यरत जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। रिक्त दरबन्दी पदपूर्तिमा शीघ्र पहल र समावेशी गराउने नीति अङ्गिकार गरिनेछ।

१३९. स्रोतमा परेको अत्यधिक चापका कारण र तलवमान पनि बढाउनु पर्ने बाध्यात्मक अवस्था भएका कारण हाललाई अस्थायी/करार कर्मचारी र शिक्षकहरुको तलवमान बृद्धि गरीनेछ र क्रमशः सामाजिक सूरक्षामा पनि आवद्ध गर्दै लैजाने नीति लीईनेछ।

१४०. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।टोल विकास संस्थाहरुको क्षमता विकास गरी योजना तर्जुमा, कार्यान्वयनमा प्रभावकारी सहभागिता अभिबृद्धि गरिनेछ ।

१४१. सूचनाको हक अन्तरगत त्रैमासिक रुपमा प्रकाशन गरिने स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

१४२. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रुपान्तरण गर्ने योजना अगाडी बढाइनेछ। सबै वडा र गाउँपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी वनाइदै लगिनेछ ।

१४३. कार्यालयमा सबैले देख्ने गरी डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) व्यवस्था गरिनेछ भने वडा कार्यालयमा समेत नागरिक वडापत्र अद्यावधिक गरी सार्वजनिक गरिनेछ । पालिकाबाट हुने गतिविधिलाई कानुनबमोजिम वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।गाउँपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट,सामाजिक संजाल,डिजिटल बोर्ड आदिमार्फत जानकारी गराइनेछ।

१४४. आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रशारणलाई निरन्तरता दिइनेछ ।

१४५. यस गाउँपालिकाको आर्थिक प्रशासनलाई पारदर्शी बनाउदै लगिनेछ ।यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई थप क्रियाशिल बनाइनेछ।

**राजश्व परिचालन**

१४६. स्थानीय तहको आन्तरिक आयलाई अभिवृद्धि गर्न स्थानीय सरकारको राजस्व अधिकार क्षेत्रभित्र पर्ने स्रोतहरूको पहिचान गरी राजस्वको दायरा विस्तार गरिनेछ। राजस्व चुहावटलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ।

१४७. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर गाउँपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ । राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय संञ्चार माध्यामबाट व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ ।

१४८. समयमै कर तिर्ने करदाता,बढी कर तिर्ने करदाता र राजश्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ ।उद्योगी तथा ब्यबसायीहरुलाई उद्योग बाणिज्यसंघको समन्वय र सहकार्यमा कर शिक्षा सम्बन्धि तालिम प्रदान गरिने छ ।

१४९. पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने नीति लिइनेछ।

१५०. बजार अनुगमन र ब्यबसाय दर्ता नविकरण लाई थप प्रभावकारी वनाईनेछ।करशिक्षा अभियानका कार्यक्रम संचालन गरी राजश्व संकलन बृद्धि गर्न प्रयास गरिनेछ ।

**कानून न्याय तथा असल समाज**

१५१. सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिइनेछ। न्यायिक समितिको कार्यप्रक्रिया र मेलमिलाप प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५२.न्यायिक कार्यसम्पादनलाई थप प्रभावकारी वनाउन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ वडा स्तरमा गरिने कानुनी सचेतना कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउदै लगिनेछ।अन्तर स्थानीय तह अनुभव आदान प्रदान गरिने छ।

**अनुगमन तथा मूल्याङ्कन**

१५३. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तर र नियमितता सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरीय अनुगमन समितिको नियमित अनुमगन र

प्रतिवेदनलाई अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।

१५४. अनुगमन तथा सुपरीवेक्षण कार्यलाई कार्ययोजना र सूचकमा आधारित बनाई सरोकारवालाको समेत प्रतिक्रिया समेट्नुका साथै ठूला आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नीति अङ्गिकार गरिनेछ ।

समन्वय, सहकार्य र साझेदारी

१५५. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

१५६. सरकारी तथा गैरसरकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१५७. आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले सरुमारानी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाङ्क्षालाई आत्मसात् गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व वृद्धि, जीवनस्तरमा सुधार, सामाजिक संरक्षण तथा सुरक्षा र गुणस्तरीय सेवा सहज प्राप्त गर्न सहयोग गर्ने विश्वास लिएकोछु ।

अन्त्यमा,

१५८. नीति तथा कर्यक्रम तर्जुमा प्रक्रियामा गाँउकार्यपालिका, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, गाँउपालिकाबासी, आमनागरिक एवं सबै सरोकारवालाहरूको राय सुझावलाई आत्मसात् गरिरहेको व्यहोरा स्मरण गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको पूर्ण साथ र सहयोग रहनेमा म विश्वस्त छु।

१५९. स्थानीय तहको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष र परोक्ष रुपले योगदान गर्नु हुने कार्यपालिका सदस्यहरू, नेपाल सरकार, स्थानीयसरकार, राजनीतिक दल, शिक्षक, बुद्धिजीवी, विकाससाझेदार संस्था, निजी तथा गैरसरकारी क्षेत्र, नागरिकसमाज, सञ्चार माध्यम, राष्ट्रसेवक कर्मचारी, श्रमिक, सुरक्षाकर्मी लगायत सम्पूर्ण सरुमारानी गाउँवासीहरु, स्वदेश तथा विदेशमा रहनुभएका दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

मितिः२०८३ असार ९ गते